# मौरिस हर्जोगको 'अन्नपूर्ण : प्रिमियर' नेपालीमा




**हिमालय टाइम्स**

काठमाडौं, १७ माघ

मौरिस हर्जोगको प्रसिद्ध पुस्तक 'अन्नपूर्ण : प्रिमियर ८०००' को नेपाली अनुवाद भएको छ । नेपालका लागि फ्रान्सकी राजदूत भिर्जिनी कोर्तभालले उक्त अनुवादको मस्यौदा फाइनप्रिन्टका सिइओ नीरज भारीलाई हस्तान्तरण गर्नुभएको छ ।

सन् १९५१ मा पहिलोपटक प्रकाशित ऐतिहासिक यात्रावृत्तान्त अन्नपूर्णले विश्वभरिका पाठकलाई मन्त्रमुग्ध पारेको छ । यो पुस्तक अन्नपूर्णको सफल आरोहणबारे भने पुस्तक दर्जनौं भाषामा अनुदित भई लाखौंप्रति बिक्री भइसकेको छ । यसले नेपाललाई विश्वभर पर्वतारोहण र साहसिक पर्यटनको प्रमुख गन्तव्यका रूपमा परिचित गराएको छ । तर, अहिलेसम्म यो पुस्तक नेपाली भाषामा अनुवाद भएको थिएन । यस अनुवादको प्रकाशन नेपाली पाठकहरूका लागि एक महत्त्वपूर्ण उपलब्धि हुने विश्वास गरिएको छ । फ्रान्सेली दूतावासको वित्तीय सहयोग रहेको यसको अनुवाद जिम्मेवारी एलायन्स फ्रान्सेज काठमाडौंलाई दिइएको थियो ।

'मौरिस हर्जोगको 'अन्नपूर्ण : प्रिमियर ८०००' ले नेपाललाई विश्वभर चिनाउन ठूलो भूमिका खेलेको छ, तर यो अहिलेसम्म नेपाली भाषामा आउन सकेको थिएन,' फाइनप्रिन्टका प्रमुख कार्यकारी अधिकृत नीरज भारीले भन्नुभयो, 'यस ऐतिहासिक कृतिलाई नेपालीमा अनुवाद गरेर हामी यो फ्रान्सेली-नेपाली आरोहण टोली तथा हर्जोग र लुइस लाचेनालको अद्वितीय उपलब्धिलाई सम्मान गर्न चाहन्छौँ । साथै यस पुस्तकलाई आम नेपालीसम्म पुऱ्याउने हाम्रो प्रयास हो ।'

मौरिस हर्जोगको 'अन्नपूर्ण : प्रिमियर ८०००'को नेपाली अनुवादलाई सहयोग गर्न पाउँदा फ्रान्सेली दूतावास गौरवान्वित भएको अनुवाद हस्तान्तरणका अवसरमा राजदूत कोर्तभालले बताउनुभयो ।

फ्रेन्च भाषाका अध्यापकहरू अशोक शाक्य र रिजेन्द्र श्रेष्ठले अनुवाद गरेको यस पुस्तकले नेपालको सांस्कृतिक तथा प्राकृतिक सौन्दर्यलाई उजागर गर्दै आएको छ, जसले असंख्य व्यक्तिहरूलाई नेपालको समृद्ध सांस्कृतिक सम्पदा र अनुपम हिमाली दृश्यहरू अन्वेषण गर्न प्रेरित गरेको छ । यसले नेपाललाई पर्वतारोहण र साहसिक यात्राका लागि अद्वितीय अवसरहरूको भूमिका रूपमा थप स्थापित गरेको छ ।

नेपाली अनूदित संस्करण सन् २०२५ जुन ३ मा सार्वजनिक गरिने जनाइएको छ । जुन दिन ठीक ७५ वर्षअघि मौरिस हर्जोग र लुइस लाचेनालले अन्नपूर्णको चुचुरोमा पाइला टेक्नुभएको थियो ।

# आ-आफ्नो ठाउँमा समर्पित भई प्रतिष्ठा आर्जन गरेका नौ जनालाई नई बाल पुरस्कार



**हिमालय टाइम्स**

काठमाडौं, १७ माघ

नई प्रकाशनले आ-आफ्नो ठाउँमा समर्पित भई प्रतिष्ठा आर्जन गर्ने तीन वर्षदेखि १५ वर्ष सम्मका नौजना बालबालिकालाई २०८० सालको 'नई देरुनीखपु पुरस्कार' समर्पण गर्ने निर्णय गरेको छ । नई प्रकाशनका कुलपति इन्दिरा प्रसाईंको अध्यक्षतामा बिहीबार बसेको नई प्रकाशनको बैठकले सो निर्णय गरेको हो ।

'नई देरुनीखपु पुरस्कार'बाट पुरस्कृत हुनेहरूमा बहुआयामिकतर्फ कुशाग्र भट्टराई, साहित्यतर्फ प्रतिष्ठा केसी, चित्रकलातर्फ श्रीया गुरुङ, संगीततर्फ सानवी यादव, नृत्यतर्फ अनिका महर्जन र खेलकुदतर्फ सुप्रिया ऐर रहनुभएको छ ।

ताम्रपत्रसहित यी पुरस्कारका राशि जनही १० हजार रुपैयाँ रहेका छन् । यसैगरी नई कोपिला पुरस्कार गायनमा काव्या शिवाकोटी र नृत्यमा सुधा तामाङलाई समर्पण गर्ने निर्णय भएको नईद्वारा जारी विज्ञप्तिमा जनाइएको छ । ताम्रपत्रसहित यी पुरस्कारका राशि जनही सात हजार रुपैयाँ रहेका छन् ।

ताम्रपत्रसहित पाँच हजार रुपैयाँ राशिको नई चिचिला पुरस्कार तीन वर्षकी मानशी भण्डारीलाई समर्पण गरिने भएको नई प्रकाशनका सदस्यसचिव नरेन्द्रराज प्रसाईंले जानकारी गराउनुभएको छ ।

# कृष्ण धरावासी र स्वप्निल स्मृतिलाई सम्मान

**काठमाडौं/हिटा** । अमर नेम्बाङ लिम्बू स्मृति प्रतिष्ठानले यस वर्षको साहित्य सम्मान साहित्यकार कृष्णा धरावासी र पुरस्कार युवाकवि स्वप्निल स्मृतिलाई प्रदान गर्ने भएको छ । राजनीतिज्ञ, साहित्यकार एवं समाजसेवी नेम्बाङको नाममा स्थापित सम्मान र पुरस्कारको राशि ५०-५० हजार रहेको छ ।

अमर नेम्बाङको छैटौँ स्मृति दिवसको अवसरमा यही माघ २६ गते पाँचथरको फिदिममा दुवै स्रष्टालाई पुरस्कार प्रदान गरिने आयोजकले बताएको छ । साहित्य सम्मान पाउने धरावासी मदन पुरस्कार विजेता लेखक हुनुहुन्छ भने पुरस्कार पाउने कवि स्मृतिको कवितासंग्रह 'बाडुली र सुदूर सम्झना' प्रकाशित छन् ।

त्यस्तै, छात्रावृतितर्फ श्री जनकल्याण मावि फाकतेप फाल्गुनन्द-५ का कक्षा ११ मा अध्यनरत विद्यार्थी अञ्जना चेम्जोङलाई छनोट गरिएको प्रतिष्ठानका अध्यक्ष मुनिन्द्र नेम्बाङले जानकारी गराउनुभयो । अमर नेम्बाङ नेपाली साहित्यका एक विशिष्ट स्रष्टा हुनुहुन्छ । उहाँ पर्यावरणीय लेखनका अभियन्ता हुनुहुन्थ्यो । उहाँको संस्मरणात्मक निबन्धहरूको संगालो 'सम्झनाका तरेलीहरू' प्रकाशित छ ।






## जापानिज भाषा शिक्षक संगठन

**प्रदर्शनीमार्ग काठमाण्डौ**

**फोन नं.०१-५३४२४००**

**प्रकाशित मितिः २०८१/१०/१८**

यस **जापानिज भाषा शिक्षक संगठन** (सामाजिक संस्था) को नाममा मा.पो.का.डिल्लीबजारमा दर्ता कायम रहेको का.जि.का.म.न.वडा नं.२ सिट नं.१०२१०२५१४ कित्ता नं.१३० क्षेत्रफल १३१.१५ ब.मी. जग्गा र सो मा वनेको भुई तल्ला ढलान (घर/जग्गा) जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य सिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएकोले यो सूचना प्रकाशित गरिएकोछ । उक्त सम्पत्ति (घर/जग्गा) गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ-संस्थाले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालय खुलेको दिन कार्यालय समय भित्र वोलपत्र फारममा उल्लिखित शर्तहरुको अधीनमा रही रीतपूर्वक भरी यस संस्थाको कार्यालय, प्रदर्शनीमार्गमा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिन्छ । सम्पत्ति बिकि सम्वन्धी शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएको छ । घर/जग्गा लिलाम सम्वन्धि बुझ्न कार्यालय समयमा सम्पर्क गर्न समेत जानकारी गरिन्छ ।



## Capital Merchant Banking and Finance Limited
## क्यापिटल मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लिमिटेड

**प्रधान कार्यालयः बत्तीसपुतली, काठमाडौं, फोनः ४४७१४५८, ४४६९७०२, फ्याक्सः ४४९६३२१**
**वेभसाइटः** www.cmbfl.com.np **इमेलः** info@cmbfl.com.np

**दशौं, एघारौं, बाह्रौं, तेह्रौं, चौधौं, पन्ध्रौं, सोह्रौं, सत्रौं, अठारौं उन्नाईसौं, बीसौं, एक्काईसौं र बाईसौं वार्षिक साधारण सभा सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०८१/१०/१२ गते)**

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस वित्तीय संस्थाको मिति २०८१/१०/११ गते बसेको सञ्चालक समितिको ३६७औं बैठकको निर्णय अनुसार दशौ, एघारौ, बाह्रौं, तेह्रौं, चौधौं, पन्ध्रौं, सोह्रौं, सत्रौं, अठारौं, उन्नाईसौं, बीसौं, एक्काईसौं र बाईसौं साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न बिषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएकोले शेयरधनी महानुभावहरुको उपस्थितिको लागि अनुरोध गर्दछु ।

**सभा हुने मिति, समय र स्थान :**

**मिति** :: वि.स.२०८१ साल फाल्गुण महिना ५ गते (तदनुसार ई. सं. १७ फेब्रुअरी २०२५) सोमबार ।
**समय** : बिहान ९:०० बजेबाट
**स्थान** : ताज प्यालेस ब्याङ्क्वेट, गोल्फुटार, काठमाण्डौं ।

**छलफलका विषयहरू:**

**(क) सामान्य प्रस्ताव:**

१. वित्तीय संस्थाको दशौं, एघारौं, बाह्रौं, तेह्रौं, चौधौं, पन्ध्रौं, सोह्रौं, सत्रौं, अठारौं, उन्नाईसौं, बिसौं, एक्काईसौं र बाईसौं वार्षिक साधारण सभा (आर्थिक वर्ष २०६७/०६८ देखि आ.व. २०७९/०८० सम्म) मा सञ्चालक समितिको तर्फबाट अध्यक्षज्युले प्रस्तुत गर्नु हुने वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२. वित्तीय संस्थाको आ.व.२०६७/०६८, आ.व.२०६८/०६९ र आ.व. २०६९/०७० का लेखापरीक्षक एम.बि. श्रेष्ठ एण्ड कम्पनी, चार्टर्ड एकाउण्टेण्टस् (महेश्वरेन्द्र बहादुर श्रेष्ठ), आ.व. २०७०/०७१ का लेखापरीक्षक गोपाल श्रेष्ठ एण्ड कम्पनी, चार्टर्ड एकाउण्टेण्टस् (गोपाल कुमार श्रेष्ठ), आ.व. २०७१/०७२, आ.व. २०७२/०७३ र आ.व. २०७३/०७४ का लेखापरीक्षक आर.एस.एण्ड चार्टड एकाउण्टेण्ट्स् (राजेन्द्र मंगल जोशी), आ.व. २०७४/०७५, आ.व. २०७५/०७६ र आ.व. २०७६/०७७ का लेखापरीक्षक वाग्ले एण्ड एशोसिएटस्, चार्टड एकाउण्टेण्टस (हेमन्तकटुवाल), आ.व. २०७७/०७८, आ.व. २०७८/०७९ र आ.व. २०७९/०८० का लेखापरीक्षक विशाल एण्ड एशोसिएटस्, चार्टड एकाउण्टेण्ट्स् (विशाल बराल), आ.व. २०८०/०८१ का लेखापरीक्षक रिजाल एण्ड एशोसिएटस्, चार्टड एकाउण्टेण्टस (सुवास रिजाल) लाई संस्थाको बाह्य लेखा परीक्षकमा नियुक्त गरिएकोले निजहरुको नियुक्ति तथा पारिश्रमिक अनुमोदन गर्ने प्रस्ताव पारित गर्ने ।

३. वित्तीय संस्थाको लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०६७/०६८, आ.व.२०६८/०६९, आ.व. २०६९/०७०, आ.व. २०७०/०७१, आ.व.२०७१/०७२, आ.व. २०७२/०७३, आ.व.२०७३/०७४, आ.व. २०७४/०७५, आ.व. २०७५/०७६, आ.व. २०७६/०७७, आ.व.२०७७/०७८, आ.व. २०७८/०७९ र आ.व. २०७९/०८० सम्मको वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु (संलग्न अनुसूचि सहित) छलफल गरी पारित गर्ने ।

४. वित्तीय संस्थाको संस्थापक शेयरधनी समूह "क" को तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने ३ जना र सर्वसाधारण समूह "ख" को तर्फबाट प्रतिनिधित्व गर्ने २ जना सहित कूल ५ जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

**(ख) विशेष प्रस्तावहरु :**

१. वित्तीय संस्थालाई नेपाल राष्ट्र बैंकबाट समस्याग्रस्त संस्था घोषणा गरे पश्चात वित्तीय संस्थाको संचालक समितिको सदस्यहरुमा भएको हेरफेर/नयाँ संचालक समिति गठन तथा नयाँ गठित संचालक समितिको हैसियतबाट वित्तीय संस्थामा तत्कालिन अवस्थामा भए गरेका सम्पूर्ण काम कारवाहीहरु अनुमोदन गर्ने प्रस्ताव पारित गर्ने ।

२. वित्तीय संस्था समस्याग्रस्त घोषणा पश्चात संस्थाले लगानी गरेका कर्जा/ऋण असुल उपर गर्ने सिलसिलामा वित्तीय संस्था र ऋणी तथा जमानीकर्ता पक्षवाट गठित ऋण चुक्ता कार्यदल बीच भएको दुई पक्षीय तथा वित्तीय संस्था, ऋण चुक्ता कार्यदल र राष्ट्रिय समृद्ध आवास बिशिष्टीकृत सहकारी संघ बीच भएको त्रिपक्षीय इस्क्रो (ESCROW) सम्झौता अनुमोदन तथा संझौता कार्यान्वयन गर्न संचालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने प्रस्ताव पारित गर्ने ।

३. वित्तीय संस्थाको नाम संशोधन एवं उद्देश्य थप गर्न प्रबन्ध पत्र तथा नियमावलीमा भएको व्यवस्था संशोधन/थप गर्ने प्रस्ताव पारित गर्ने ।

४. क्यापिटल मर्चेण्ट बैंकिङ्ग एण्ड फाइनान्स लिमिटेड र अन्य उपयुक्त बैंक वा वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने गाभिने (Merger) वा प्राप्ति (Acquisition) गर्न गराउन वा उपयुक्त देखिएको अवस्थामा चल अचल सम्पत्ती तथा दायित्व र कारोबारको मूल्याङ्कन गर्न तथा गाभ्ने वा गाभिने तथा प्राप्ति गर्ने सम्बन्धीको आवश्यक प्रक्रिया अगाडि बढाई प्रारम्भिक तथा अन्तिम सम्झौता गर्न र सो प्रक्रिया पूरा गर्न आवश्यक पर्ने सम्पूर्ण कार्य गर्नका लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

५. बैंकको प्रबन्धपत्र/नियमावलीमा पारित गरिएको संशोधन प्रस्तावमा नियमनकारी निकायबाट (जस्तैः कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल राष्ट्र बैंक आदि) कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने प्रस्ताव पारित गर्ने ।

**(ग) विविध ।**

सञ्चालक समितिको आज्ञाले,
**कम्पनी सचिव**

**नोटः साधारण सभा सम्वन्धी अन्य जानकारी र संस्थाको सक्षिप्त वित्तीय विवरण मिति २०८१/१०/१२ गतेको हिमालय टाइम्स दैनिकमा प्रकाशित सूचना वा यस कम्पनीको वेभसाइट www.cmbfl.com.np मा हेर्न हुन अनुरोध गरिन्छ ।**



## Invitation for Electronic Bids

**Budhanilkantha Municipality Office**
**Hattigaunda, kathmandu**
**Date of publication: 2081/10/18**

1. **Budhanilkantha Municipality Office** invites electronic bids from Nepalese eligible bidders for the works mentioned below National Competitive Bidding procedures.

| S. N. | Contract Name/Contract ID | Cost of Bid document | Estimated Amount with Vat & PS | Pre-bid meeting held | Deadline date of bid submission and opening date | Bid Security Amount (NRs.) | Bid Security Validity Period |
|---|---|---|---|---|---|---|---|
| 1. | Tallo Pasikot Shreeram School Black Topped Road Construction (SQ/BNP/CW/081_082/02) | 1,000.00 | 19,56,594.24 | - | 2081/11/05 @ 12 :00 hrs 2081/11/05 @ 13:00 hrs | 45,000.00 | 75 Days deadline date of bid opening date. |
| 2. | Construction of Black Topped Road on the way to Srijana Tole Montessori, ward no 05 (NCB/BNP/CW/081_082/16) | 3,000.00 | 22,98,876.94 | Budhanilkantha Municipality, Hatigauda-Kathmandu on 2081/11/05 @ 13:00 hrs | 2081/11/19 @ 12 :00 hrs 2081/11/19 @ 13:00 hrs | 58,000.00 | 120 Days deadline date of bid opening date. |

2. Eligible Bidders may obtain further information by visiting PPMO website www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**



## Nepal Water Supply Corporation
**Branch Office Bhairahawa**

## Invitation for Electronic Bid

**Date of Publication:31-01-2025(2081/10/18)**

**Nepal Water Supply Corporation, Branch Office Bhairahawa invites** sealed quotation from Nepalese eligible Suppliers for the Procurement of following goods. A complete set of Bidding Documents can download from **PPMO's website: www.bolpatra.gov.np/egp.**

| S.N. | Project Title | Invitation for Bids No: | Cost of Bid Document (NRs) | Bid Security Amount (NRs) | Last Date of Bid Submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|
| 1 | Procurement of 100kVA Diesel Generator | NWSC:BHW/081/82/SQ/ Goods-01 | 1000.00 | 45,000.00 | 16-02-2025 12:00 | 16-02-2025 14:00 |
| Bank A/C Details | | **To Deposit the Cost of Bidding document & Bid security amount** Name of Bank: Agricultural Development Bank Ltd. Bank Address: Sidharthanagar, Rupandehi, Lumbini Province Account Name: Nepal Water Supply Corporation Account Number: 414301492669034 | | | | |



**Gandaki Province Government**
## Ministry of Physical Infrastructure Development & Transport Management
## Infrastructure Development Directorate
## Infrastructure Development Office
**Syangja**

## Invitation for Bids

**Date of publication: 2081-10-18 (31st January, 2025)**

Infrastructure Development Office, Syangja invites **online bids only** under e-procurement system from eligible bidders for the construction of ***Projects mentioned below*** under National Competitive Bidding: Single Stage Double Envelope Bidding procedures. All other information and Bid Document can be downloaded from PPMO's Website www.bolpatra.gov.np/egp or may obtain at office. All eligible bidders are requested to submit E-Bid as per instructions within the mentioned period.

| S. N. | Name of Project | Contract ID | Bid Security Amount (NRs) | Bid Security Date | Bid Security Validity Date | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | Chinneko rukh dekhi Aahale Chityan hudai Nuwakot Kala Bhairab Jane Bato, Putalibazar Na.Pa. ward No. 05, Pauwaigaude | IDOSYANGJA/ NCB/W/R/ 94/081/82 | 700,000.00 | 90 Days after the deadline of bid Submission date | 120 Days after the deadline of bid Submission date | |

**Information to deposit the cost of bidding document in Bank:**

Name of the Bank:- Nepal Bank Limited
Name of Office: - Infrastructure Development Office, Syangja
Office Code no. :- 3370143014
Office Account no (Rajaswa).:- 27302000001001000001
Rajaswa (revenue) Shirshak no. : 14229
Cost of Bidding Document :- NRs.5000.00
Office Account no (In case of Cash Bid Security) :- KHA 23 – 07202000002003000001

**Office Chief**